# थुलुङ दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुक्ली, सोलुखुम्बु

पत्रसंख्या : ०७६/०७७
चलानी नम्बर :

प्रदेश नं. १, नेपाल
मिति : २०७६/११/२३

श्री माध्यमिक तथा आधारभुत विद्यालय ।

**विषय – परीक्षा तालिका संशोधन गरिएको सम्बन्धमा ।**

मित्र राष्ट्र चीनको हुवेई प्रान्तबाट फैलिएको कोरोना भाईरस (COVID-19) अहिले चीन, भारत लगायतका अन्य देशहरुमा देखिएको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले (COVID-19) लाई पब्लिक हेल्थ ईमर्जेन्सी अफ इन्टरनेशनल कन्सर्न घोषणा समेत गरिसकेको छ । यसै सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।११।२० गतेको सूचना/परिपत्र समेतलाई मध्यनजर गरी थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ परीक्षा समितिको मिति २०७६।११।११ गतेको बैठकद्धारा आधारभुत तह स्तरीय कक्षा ५ र ८ को वार्षिक परीक्षा-२०७६ को निर्धारित परीक्षा तालिकालाई देहाय बमोजिम संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारी लागि अनुरोध गर्दै कक्षा १-९ सम्मको अन्य कक्षाको परीक्षा समेत सोही अवधिभित्र संचालन गरी सक्ने व्यवस्था गर्न गराउनहुन जानकारी गराईन्छ ।

**आधारभुत तह (कक्षा ५) को वार्षिक परीक्षा तालिका**

| क्र.स. | परीक्षा संचालन हुने मिति | विषय | परीक्षा शुरु हुने समय |
|---|---|---|---|
| १ | २०७६/११/२७ | अंग्रेजी | ११:०० बजे |
| २ | २०७६/११/२८ | नेपाली | ११:०० बजे |
| ३ | २०७६/११/२९ | गणित | ११:०० बजे |
| ४ | २०७६/११/३० | विज्ञान, वातावरण र स्वास्थ्य तथा शारीरिक शिक्षा | ११:०० बजे |
| ५ | २०७६/१२/०२ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ११:०० बजे |
| ६ | २०७६/१२/०३ | मातृभाषा/स्थानीय विषय | ११:०० बजे |

**आधारभुत तह (कक्षा ८) को वार्षिक परीक्षा तालिका**

| क्र.स. | परीक्षा संचालन हुने मिति | विषय | परीक्षा शुरु हुने समय |
|---|---|---|---|
| १ | २०७६/११/२७ | अंग्रेजी | ११:०० बजे |
| २ | २०७६/११/२८ | नेपाली | ११:०० बजे |
| ३ | २०७६/११/२९ | गणित | ११:०० बजे |
| ४ | २०७६/११/३० | विज्ञान तथा वातावरण शिक्षा | ११:०० बजे |
| ५ | २०७६/१२/०२ | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | ११:०० बजे |

| | | | |
|---|---|---|---|
| ६ | २०७६/१२/०३ | नैतिक शिक्षा | ११:०० बजे |
| ७ | २०७६/१२/०३ | स्वास्थ्य तथा शारीरिक शिक्षा | १२:३० बजे |
| ८ | २०७६/१२/०४ | पेशा, व्यवसाय तथा प्रविधि शिक्षा | ११:०० बजे |
| ९ | २०७६/१२/०५ | स्थानीय भाषा, मातृभाषा, कम्प्युटर तथा अन्य | ११:०० बजे |

<u>परीक्षा सम्बन्धी अन्य व्यवस्था निम्मानुसार गर्ने :</u>

१. कक्षा ५ को परीक्षा संचालन र नतिजा प्रकाशन सम्बन्धित विद्यालयले नै गर्ने । विद्यार्थीको प्रवेशपत्र, प्रश्नपत्र र उत्तरपुस्तिका गाउँपालिकाको शिक्षा शाखामा सम्पर्क गरी बुझ्ने ।

२. कक्षा ८ को परीक्षा संचालन सम्बन्धित विद्यालयमा नै संचालन गर्ने। विद्यार्थीको प्रवेशपत्र, प्रश्नपत्र र उत्तरपुस्तिका गाउँपालिकाको शिक्षा शाखामा सम्पर्क गरी बुझ्ने । कक्षा ८ को परीक्षाको केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्र.अ. हुने व्यवस्था गरिएको छ ।

३. मातृभाषा/स्थानीय विषयको प्रश्नपत्र सम्बन्धित विद्यालय आफैले तयार गरी परीक्षा संचालन गर्ने र सो को प्राप्ताङ्कको अभिलेख गाउँपालिकाको शिक्षा शाखामा मिति २०७६।१२।०८ गते भित्र अनिवार्य पेश गर्नु पर्ने ।

४. कक्षा ८ को परीक्षाको सबै उत्तर पुस्तिका २०७६।१२।०६ गते सुरक्षित रुपमा गाउँपालिकाको शिक्षा शाखामा सम्बन्धित विद्यालयका प्र.अ. ले अनिवार्य बुझाउनुपर्ने छ ।

परीक्षा संचालनमा आवश्यक सहयोग र सहजीकरणका लागि गाउँपालिकाको शिक्षा शाखा शनिबार र विदाको दिन मिति २०७६ फागुन २४, २५ र २६ गते समेत कार्यालय समय अवधिभर खुल्ला रहने छ । अन्य थप जानकारी र सहयोगका लागि शिक्षा शाखा प्रमुख श्री प्रेम बहादुर तामाङलाई मो. न. ९८४२८९७९४४, ९८१८१४४५७१ मा सम्पर्क गर्न सकिनेछ ।

.....................................

(नि. प्रमुख प्रशासकीय अधिकृत)

**नि. प्रमुख प्रशासकीय अधिकृत**